प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

## प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको नयाँ पकेट /ब्लक कार्यक्रम संचालन गर्न प्रस्तावना पेश गर्ने सम्बन्धि सूचना

मिति :२०७५/११/२९

यस केन्द्रको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फको कार्यक्रम अर्न्तगत तपसिलका क्षेत्रहरुमा आगामी वर्ष (आ.व.२०७६/०७७) का लागि नयाँ पकेट र ब्लक कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले तोकिएका क्षेत्रका ईच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा उद्यमी कृषकहरुले देहाय बमोजिम कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७५/१२/१४ गतेसम्म) कार्यक्रम प्रस्तावना यस केन्द्रमा दर्ता गराउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

| क्र.स. | साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम |
|---|---|---|
| बालीहरु | खाद्यान्न (धान, गहुँ, मकै, कोदो), दलहन र तेलहन बाली, तरकारी र मसला बाली, फलफूल, आलु, च्याउ, मौरीपालन आदि । | खाद्यान्न (धान, गहुँ, मकै, कोदो), दलहन र तेलहन बाली, तरकारी र मसला बाली, फलफूल, आलु, च्याउ, मौरीपालन आदि । |
| क्षेत्रफल | तोकिएको बाली न्यूनतम १० हेक्टरमा संचालन हुनु पर्ने, मौरीका हकमा ५०० घार, सिताके च्याउको हकमा १०००० मुढा, अन्य च्याउको हकमा १००० के.जी. बीउ उपयोग हुने | तोकिएको बाली न्यूनतम १०० हेक्टरमा संचालन हुनु पर्ने, मौरीका हकमा ५००० घार, सिताके च्याउको हकमा १ लाख मुढा, अन्य च्याउको हकमा १०००० के.जी. बीउ उपयोग हुने |
| अनुदानमा कार्यक्रमहरु | उत्पादन सामाग्री र मेशिनरी औजार उपकरणमा (५० प्रतिशत), प्रदर्शन तथा तालिम सहयोगमा (१०० प्रतिशत), सिंचाई कार्यक्रम, प्रयोगशाला सेवा, उत्पादन पूर्वाधारहरुमा (८५ प्रतिशत) | उत्पादन सामाग्री र कृषि यान्त्रीकरण, मेशिनरी औजार उपकरण खरिदमा (५० प्रतिशत), साना ढुवानी साधन, उत्पादनोपरान्त उपज तथा बजार व्यवस्थापन सम्बन्धि पूवाधारहरुमा (८५ प्रतिशत) |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. आवेदन फारम सहित रु १० को टिकट ।
२. नीजि उद्यमीको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ।
४.कृषक समूह/कृषि सहकारी/जलउपभोक्ता समिति/कृषि फर्म/कृषि उद्यमीहरुले कार्यक्रम संचालन गरिने बाली र क्षेत्रफल खुलेको निर्णयको प्रतिलिपि ।
५. सम्बन्धित स्थानिय तहको [illegible] सिफारिस ।
६. कृषक समूह/कृषि सहकारी/जलउपभोक्ता समिति/कृषि फर्म/कृषि उद्यमीहरुको मागमा आधारित कार्यक्रमको प्रस्तावना ।

का. प्रमुख